# नेपाल राष्ट्र बैंक

## प्रेस समाचार

## पत्रकारले सकारात्मक समाचारलाई प्राथमिकता दिनुपर्छ : गभर्नर डा. नेपाल

(गभर्नर डा. नेपालद्वारा सेजनको १८ औं वार्षिकोत्सव कार्यक्रमलाई सम्बोधन)

गभर्नर डा. चिरंजीबि नेपालले नेपाल आर्थिक पत्रकार समाजको अठारौं स्थापना दिवसको उपलक्ष्यमा आयोजित कार्यक्रमलाई २०७२ मंसिर १५ गते सम्बोधन गर्नुभयो । सो क्रममा नेपालको अर्थतन्त्रका मुख्य परिसूचकबारे प्रकाश पार्नुहुँदै उहाँले मुलुकको बाह्य क्षेत्र सबल रहँदा रहँदै पनि अर्थतन्त्रको वास्तविक क्षेत्र सन्तोषजनक नरहेकाले यसमा सबैले आआफ्नो तर्फबाट भरथेग गर्न आग्रह गर्नुभयो । यो जिम्मेवारी पूरा गर्न निजी क्षेत्रलाई अघि सर्न आग्रह गर्दै उहाँले निजी क्षेत्र अघि सरेमा नै अर्थतन्त्र गतिशील हुने र देश आर्थिक विकासको मार्गमा अघि बढ्न सक्ने विचार व्यक्त गर्नुभयो ।




मुलुकलाई द्रूत आर्थिक विकासमा अघि बढाउनका लागि राज्यका दुई तिनवटा आर्थिक क्षेत्र पहिचान गरी अघि बढ्नुपर्ने बताउँदै गभर्नर डा. नेपालले मुलुकको अर्थतन्त्रलाई बचाउन मुलुकबासीमा सकारात्मक ऊर्जा प्रवाह गर्नुपर्ने र यसतर्फ पत्रकारिता क्षेत्रबाट सकारात्मक समाचार प्रस्तुत गर्न सुझाव दिनुभएको थियो । राष्ट्रिय स्वार्थका लागि पत्रकारले कलम चलाएमा यसबाट सबै व्यक्ति लाभान्वित हुने र यो नै अहिलेको आवश्यकता रहेको उहाँको आसय रहेको थियो ।

देशमा विकास खर्च हुन नसकेकोप्रति चिन्ता व्यक्त गर्दै गभर्नर नेपालले मुद्रास्फीतिलाई एकल अंकमा राख्न नसकिने हो भन्ने समाजको तल्लो वर्ग अझ आक्रान्त हुने आशंका व्यक्त गर्नुभयो । देशमा अनौपचारिक अर्थतन्त्र विकास हुने हो कि भन्ने चिन्ता व्यक्त गर्दै उहाँले मुलुकको अर्थतन्त्र विकासका लागि सम्भावनाका सबै ढोका खुला राख्नुपर्ने धारणा राख्नुभएको थियो ।

अर्थतन्त्रलाई मन्दीबाट बचाउन उद्योगी व्यवसायीको मनोबल उच्च राख्नुपर्ने आवश्यकतामाथि प्रकाश पार्दै उहाँले राज्यले विकास खर्च गर्न सक्नुपर्नेमा उहाँको जोड थियो । नेपाललाई आर्थिक विकासको मार्गमा अघि बढाउने सम्भावना रहेका पर्यटन, जलस्रोत जस्ता क्षेत्रसम्बन्धी नीतिगत परिमार्जनको आवश्यकतामाथि उहाँले प्रकाश पार्नुभएको थियो । यहाँको विशिष्ट भौगोलिक आर्थिक विशेषतालाई ध्यान दिँदै उचित विकास मोडल अपनाए नेपालको उज्यालो भविष्यको मार्गमा अघि बढ्ने उहाँले आशा व्यक्त गर्नुभएको थियो ।

कार्यक्रममा पत्रकार द्वय कान्तिपुर पत्रिकाका समाचारदाता कृष्ण आचार्य र न्युज २४ का नवराज चालिसेलाई सेजन अवार्डद्वारा पुरस्कृत तथा सम्मानित गरिएको थियो ।

**२०७२ मंसिर १५ गते, मंगलबार**

**गभर्नरको कार्यालय**